# महालक्ष्मी राजपत्र

**महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड २) कमलपोखरी, आश्विन ४, २०७५ साल (अतिरिक्ताङ्क २)**

# भाग-३

## “घ” वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि

**प्रस्तावना** : स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु

हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** (१) बिषय र प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "नगरपलिका" भन्नाले महालक्ष्मी नगरपालिका, ललितपुरलाई सम्झनु पर्दछ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिका ललितपुरको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग) "प्राविधिक समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्दछ ।

घ) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था, स्थानीय तहको तर्फबाट सम्पन्न गरिने जुनसुकै निर्माण सम्बन्धी कार्य सम्झनुपर्दछ र सो शब्दले पुन:निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँदछ ।

ङ) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनुपर्दछ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ एवं निर्माण व्यवसाय ऐन,२०५५ लाई सम्झनुपर्दछ ।

छ) "'घ' वर्गको निर्माण व्यवसायी" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (छ) (१०) तथा निर्माण व्यवसाय नियमावली २०५६ को नियम १० ले वर्गीकरण गरेको निर्माण व्यवसायीलाई सम्झनु पर्दछ ।

ज) "नियमावली" भन्नले निर्माण व्यवसाय नियमावली २०५६ लाई सम्झनुपर्दछ ।

झ) "कार्यविधि" भन्नाले "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५" सम्झनु पर्दछ ।

## परिच्छेद २

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने** :- (१) यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माणको काम गर्न गराउन हुँदैन । तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा

जनसहभागितामा सञ्चालन गराईने सार्वजनिक निर्माण कार्य गर्न यसले कुनै वाधा पुर्याएको मानिने छैन ।

(२) इजाजत पत्रको लागी दरखास्त दिनुपर्नेः- सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसुचि-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्ने 'घ' वर्गको ईजाजत पत्र प्राप्त गर्नको लागि सोही अनुसूची बमोजिमको कागजात सहित तोकिए बमोजिमको दस्तुर तिरी नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परेको निवेदन उपर दफा (४) को उपदफा (१) बमोजिमको गठित समितिमा आवश्यक जाँचबुझका लागि पठाउनु पर्नेछ ।

४. **प्राविधिक समितिको गठनः–** (१) 'घ' वर्गको निर्माण व्यवसायको ईजाजत पत्र जाँचबुझ गरी सिफारिसका गर्नका लागी देहाय बमोजिमका पदाधीकारी रहेको एक प्राविधिक समिति गठन गरीनेछ ।

(क) नगरपालिकाको योजना शाखा/ शाखा प्रमुख - संयोजक

(ख) प्रतिनिधि (नगरपालिका स्थित निर्माण व्यवसायी संघ)- सदस्य

(ग) ईन्जिनियर (जिल्ला समन्वय समितिको कार्यालय) - सदस्य

(घ) नगरपालिकाले तोकेको ईन्जिनियर - सदस्य सचिव

(२) 'घ' वर्गको निर्माण व्यवसायीको योग्यताको आधार अनुसुची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **<u>दरखास्त जाँचबुझ गर्नु पर्ने</u> :–** (१) दफा ३ को उपदफा (१) बमोजिम पर्न आएको दरखास्त नगरपालिकाबाट जाँचबुझको लागि प्राविधिक समितिमा प्राप्त भएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको अनुसूची ४ बमोजिमको आर्थिक क्षमता तथा प्राविधिक योग्यता जाँचबुच गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसंग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

६. **इजाजत पत्र दिन सिफारिस गर्नेः-** दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्दा दरखास्त वाला निर्माण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा प्राविधिक समितिले दरखास्त प्राप्त भएको मितिले १५ दिनभित्र नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

**७. इजाजत पत्र दिनुपर्ने** : – (१) दफा ६ बमोजिम समितिको सिफारीस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापतको दस्तुर लिई निजलाई अनुसुची - २ बमोजिमको ढाचामा इजाजत प्रमाणित गरी १५ दिन भित्र दिनु पर्नेछ ।

(२) 'घ' वर्गको ईजाजतपत्र लिन चाहिने कागजात जनशक्ति एवं उपकरणहरु अनुसूची- ३ मा तोकिए बमोजिमको हुनेछ ।

८. **ईजाजत पत्रको अवधि र नविकरण सम्बन्धि व्यवस्थाः** (१) दफा ६ को उपदफा (१) बमोजिम प्रदान गरिएको ईजाजत पत्रको अवधि दफा १२ बमोजिम खारेज

भएको अवस्थामा बाहेक प्रत्येक आर्थिक बर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम ईजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले ईजाजत पत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको दस्तुर तिरेको रसिद र स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र संलग्न गरी ईजाजत पत्रको नविकरणको लागी अनुसुची - ५ बमोजिमको ढाचामा नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम ईजाजत पत्रको नविकरणको लागी दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी ईजाजतपत्र नविकरण गरी दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम म्यादभित्र ईजाजत पत्र नविकरण गराउन नसक्ने निर्माण व्यवसायीले सो म्याद नाघेको छ महिनाभित्र ईजाजत पत्र नविकरण गराउन चाहेमा तोकिए बमोजिमको थप दस्तुर संलग्न गरी नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

९. **अद्यावधिक गर्न पर्ने :-** (१) नगरपालीकाले यस कार्यविधि बमोजिम प्रदान गरीएको ईजाजत पत्रको अनुसुचि-८ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी अध्यावधिक बनाइ राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबमा यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरीएको ईजाजत पत्रको अभिलेख समेत दुरुस्त बनाइ राख्नु पर्दछ ।

(३) यस अघि साविक जिल्ला विकास समितिबाट प्रदान गरिएका प्रमाणपत्रहरुको जिल्ला समन्वय समितिबाट प्रमाणित प्रति अघिल्लो आ.व. को नवीकरण भई प्राप्त भएमा त्यस्तो प्रतिको अभिलेखका आधारमा यस आर्थिक वर्ष अन्त्य सम्म नविकरणका लागि आएमा तोकिएको दस्तुर लिई प्रमाणपत्र नविकरण गरिनेछ ।

# परिच्छेद ३

## विविध

१०. **सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्नुपर्ने :–**(१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिले पैतिस दिनभित्र

अनुसुची - ७ बमोजिमको ढाँचामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित निर्माण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एक प्रति विवरण सम्बन्धित आयोजनाको कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिम प्राप्त विवरण अभिलेख अनुसूची - ६ बमोजिम राख्नु पर्नेछ ।

**११.** **ईजाजत पत्रको खारेजी :-** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण ब्यवसायीको ईजाजत पत्र खारेज गर्न सक्नेछ ।

(क) झुट्ठा विवरण पेश गरी ईजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा ।

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्धेश्यले नेपाल सरकार, स्थानीय तह संगठित संस्थामा झुट्ठा विवरण तथा तत् सम्बन्धी कागजात पेश गरेको सम्बन्धित निकाय बाट लेखि आएमा ।

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौता बमोजिम काम नगरेको व्यहोरा उल्लेख भई सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण ब्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिको मौका दिनु पर्नेछ ।

(३) दफा ९ बमोजिमको म्याद भित्र नवीकरण नभएको ईजाजत पत्र स्वतः खारेज हुन्छ ।

(४) दफा (१) वा (३) बमोजिम ईजाजत पत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

**१२. निर्माण ब्यवसायीको कर्तव्य :-** ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही लागत अनुसारको गुणस्तरीय सार्वजनिक निर्माण कार्य गर्नु निर्माण ब्यवसायीको कर्तव्य हुनेछ ।

**१३. इजाजत पत्रको प्रतिलिपि दिने व्यवस्था :-** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणवाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची

९ बमोजिको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिन सकिनेछ ।

**१४.** यो कार्यविधिमा व्यवस्था भएकोमा यहि बमोजिम र अन्यको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**१५.** यो कार्यविधिमा समय सापेक्षित संसोधन वा परिमार्जन गर्नु पर्ने भएमा आवश्यक प्रकृया अपनाई महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१६.** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

# अनुसुचि -१

दफा ३ को उपदफा (२) संग सम्बन्धित

## ईजाजतको लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
महालक्ष्मी नगरपालिकाको कार्यालय,
ललितपुर ।

**विषयः ईजाजतपत्र पाउँ भन्ने बारे ।**

महालक्ष्मी नगरपालिका "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि, २०७५, (३) को उपदफा (२) बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको -

नाम :-
ठेगानाः-
पोष्ट बक्स नंः-
टेलिफोन नः-
फ्याक्स नः-
ईमेल -

२. फर्म वा कम्पनीको प्रकृत

☐ प्राईभेट लिमिटेड कम्पनी
☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी

☐ साझेदारी

( ) कोष्ठमा रेजा लगाउनु पर्नेछ ।

३ .सम्पर्कको लागि फर्म वा कम्पनिको अधिकारिक ब्यक्तिको

नाम ,थर-

ठेगानाः-

पोष्ट बक्सः-

टेलिफोन नः-

फ्याक्स नः-

ईमेलः-

४ .फर्म वा कम्पनीको विवरण -

दर्ता नः-

अधिकृत पूँजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५. ईजाजतपत्र लिन चाहेको वर्गः-

६. सुमहीकरण हुन चाहने वर्ग :-

७ .आर्थिक श्रोत को बिबरण -

| | रकम | वित्तिय संस्था/ बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ति खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छैन।

८ .कामदारको विवरण -

प्राविधिक - (क)

अप्राविधिक- (ख)

अन्य - (ग)

९. कामसँग सम्बन्धीत सवारी साधन मेशिनरी औजारको

| सि . .नं | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

विवरण : आफ्नो स्वामित्वमा रहेको निर्माण

दष्ट्रब्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरबाट प्रमाणित कागज सँलग्न गर्नु पर्नेछ।

यस अघि सम्पन्न गरेको कामको विवरण : इन्जिनियर द्धारा प्रमाणित भएको हुनु पर्नेछ।

| **सि.नं.** | **निर्माण सम्बन्धी कामको प्रकृति** | **काम गरेको बर्ष** | **रकम** | **ठेक्कादाता कार्यालयको नाम** |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३ | बिमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४ | वाँधपानी ,जलाशय ,नहर , तथा ढल ,ट्याङ्की पाईप विछ्याउने तथा ,निर्माण मर्मतसंभार | | | |
| ५ | सुरुङभूमिगत मार्ग तथा निर्माण तथा (टनेल)जलाशय मर्मत संभार | | | |
| ६ | विद्युत लाईननिर्माण पावर , स्टेशन निर्माण तथा संभार | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

११.कर चुक्ता गरेको प्रमाण कागजात

क :

ख :

ग :

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यबसायीको छाप

दरखास्तवालाकोः-

नामः-

दस्तखतः-

मितिः-

द्रष्टव्यः - यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

अनुसुचि २

दफा ७ को उपदफा १ संग सम्बन्धित

फोटो

# महालक्ष्मी नगरपालिका

ईजाजत-पत्र

इजाजत नः-

मिति--------

स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ११, छ (१०) तथा महालक्ष्मी नगरपालिका निर्माण व्यवसाय इजाजतपत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५ को दफा ७(१) बमोजिम ........... ..........स्थित....................कम्पनी /फर्मलाई 'घ' वर्गको निर्माण व्यवसाय गर्न पाउने गरी यो ईजाजत पत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेकोः-

दस्तखतः-

नामः-

पदः-

कार्यालयः-

# नविकरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुरनं (भौचर) मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुची-३

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

➢ **'घ'वर्गको निर्माण व्यवसायी ईजाजत पत्रको निवेदन साथ तपसिल बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।**

✓ **आवश्यक कागजात**

- स्थायी लेखा नम्बर (मूल्य अभिबृद्धि कर समेत) : मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि । कारोबारको उद्धेश्यमा विविध प्रकारको ठेक्का पट्टा गर्ने उल्लेख हुनुपर्ने ।
- फर्मको नाममा खाता खोली रु. १,००,०००/- (एक लाख) जम्मा भएको बैंक भौचर ।
- महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुरमा दस्तुर बुझाईएको रसिद
- फर्मको प्रोपाइटरको नागरिकताको प्रमाणप्रत्रको प्रतिलिपि

नोट : सबै प्रतिलिपिहरु Notary Public बाट प्रमाणित हुनु पर्छ । त्यसका साथै सम्बन्धित ब्यक्ति वा फर्मको समेत दस्तखत र फोटो अनिवार्य छ ।

✓ **आवश्यक जनशक्ति ब्यवस्थापन**

(क) शिक्षण संस्थाबाट Civil Engineering को Diploma तह उर्त्तीण १ जना,निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्युनतम योग्यता वा माथिल्लो

योग्यता मध्ये एक तहको मात्र Certificate र फर्ममा पुर्ण समय दिनेछु भनि गरेको करारनामा पत्र ।

(ख) लेखा सम्बन्धी काम गर्ने : कम्तिमा वाणिज्य शास्त्र विषयमा १२ कक्षा वा प्रमाण पत्र तह उत्तीर्ण । निजको नागरिकताको प्रमाणपत्र, आवश्यक न्युनतम योग्यता वा माथिल्लो योग्यता मध्ये १ तहको Certificate र फर्ममा पुर्ण समय दिनेछु भनि गरेको करारनामा पत्र ।

(ग) प्रशासन सम्बन्धी काम गर्ने : कम्तिमा १२ कक्षा वा प्रमाणपत्र तह उर्त्तीण । निजको नागरिकताको प्रमाणपत्र, आवश्यक न्युनतम योग्यता वा माथिल्लो योग्यता मध्ये १ तहको Certificate र फर्ममा पुर्ण समय दिनेछु भनि गरेको करारनामा पत्र ।

## ✓ आवश्यक मेशिन तथा उपकरण

- लेवल मेशिन, वाटर पम्प, Concrete Mixture र भाइब्रेट मेसिन खरिद गरेको सक्कल भ्याट विल । त्यसको पछाडि प्रोपाइटरले दस्तखत गरी फर्मको छाप लगाउने ।
- लेभल मेशिन : निर्माण कम्पनीको नाम र सिरियल नम्बर **vat** विलमा उल्लेख हुनुपर्ने ।

- वाटर पम्प मेशिन पानी तान्ने र पम्पिङ्ग हुने क्षमताको मेशिन २ वटा निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्ने ।
- Concrete Mixture निर्माण कम्पनीको नाम र सिरियल नम्बर **vat** विलमा उल्लेख हुनुपर्ने ।
- भाईबेट्टर मेशिनको हकमा Capacity तथा निर्माता कम्पनीको नाम उल्लेख हुनुपर्छ ।
- **vat** विलमा मेशनरी उपकरण खरिद गरेको संलग्न बिलमा मे.ई बाट प्रमाणित गरेको लेभल मेशिनको निर्माण कम्पनीको ब्राण्ड तथा सिरियल नम्बर देखिने गरी लेभल मेशिनकोबिलको सक्कल तथा सोको Photocopy गरी नोटरीबाट प्रमाणित गरी फाइल साथ पेश गर्नुपर्ने ।
- यान्त्रिक उपकरण ठीक अवस्थामा रहेको प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको नागरिकताको प्रतिलिपि र नेपाल इन्जिनियरिङ्ग परिषदमा मेकानिकल इन्जिनियरका रुपमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्ने ।
- उल्लेखित मेसिनको बीमा गरेको सक्कलै कागजात र सोको बीमा अवधि कम्तीमा १ वर्ष हुनुपर्ने ।

## अनुसूची -४
## दफा ४ को उपदफा २ सँग सम्बन्धित)

### “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१.आर्थिक क्षमता: प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग विभाग तथा कन्पनी रजिस्टार कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।
२. मुख्य जनशक्ति विवरण: सिभिल इन्जिनियरिङ विषयमा ( उच्च माध्यमिक), Diploma in Civil engineering तह उत्तिर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा उच्च माध्यमिक तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।
३. मेशीन र उपकरण:

(क) लेभल मेशिन (एक थान) Auto level achine

(ख) वाटर पम्प (एक थान)

(ग) भाइब्रेटर (एक थान)

(घ) Concrete Mixture (एक थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स परिषदको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

## अनुसूची -५
## (दफा ८ को उपदफा २ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
महालक्ष्मी नगरपालिका, ललितपूर ।

**विषयः ईजाजतपत्र नवीकरण गरी पाउँ भन्ने ।**

निर्माण व्यवसाय संचालन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई महालक्ष्मी नगरपालिका निर्माण व्यवसाय इजाजतपत्र जारी, नवीकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५ बमोजिमको यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-

(क) नामः-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स :-
(घ) टेलिफोन नं :-
(ङ)फ्याक्स नं :-
(च) ईमेलः-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-

(क) नामः-
(ख) ठेगाना :-

३. निर्माण व्यवसायीकोः-

(क) प्रमाणपत्र नंः-
(ख) दर्ता मिति :-

४. क) ईजाजतपत्र नं:-

ख)ईजाजतपत्र जारी भएको मितिः-

ग) ईजाजतपत्र जारी गर्ने कार्यालयः-

५. क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं :-

ख) नवीकरण मितिः-

६. ईजाजतपत्र नवीकरण दस्तुर/ थप दस्तुर वापत रु ............... अक्षरेपी रु ......................................... जम्मा गरेको यसै साथ संलग्न छ ।

७. यस फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप　　निवेदक निर्माण व्यवसायीका तर्फबाट

दरखास्त दिनेकोः-

नाम :-

पद :-

दस्तखतः-

मिति :-

## अनुसूची -६
## (दफा १
## दफा १० को उपदफा ३ सँग सम्बन्धित)
## विवरणको अभिलेख

ईजाजतपत्रको क्रम संख्याः-

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-
    (क) नामः-
    (ख) ठेगाना :-
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-
    (क) नामः-
    (ख) ठेगाना :-
३. निर्माण व्यवसायकोः-
    (क) दर्ता नंः-
    (ख) दर्ता मितिः-
४. ईजाजतपत्रकोः-
    (क) वर्ग :-
    (ख) समूह :-
५. ईजाजतपत्र जारी गरेको सुरु मिति :-

# अनुसूची -७
## ( दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## सार्वजनिक निर्माण कार्यको विवरण

श्री प्रमुख प्रशासकीय प्रमुख ज्यू,

महालक्ष्मी नगरपालिका, ललितपूर ।

**विषयः निर्माण कार्यको विवरण पेश गरेको ।**

महालक्ष्मी नगरपालिका, निर्माण व्यवसाय इजाजत पत्र जारी नवीकरण र खारेजी सम्बन्धी कार्यविधी २०७५ को दफा १० को उपदफा (१) बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायीको :-

(क) नामः-

(ख) ठेगाना :-

२. कार्य योजनाको नाम :-

३. आयोजना कार्यालयको,

(क) नामः-

(ख) ठेगाना :-

४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको :-

(क) नामः-

(ख) काम गरेको अवधि :-

(ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नंः-

५. मुख्य जनशक्तिः-

(क) प्राविधिक

(ख) अप्राविधिक

६. ठेक्का सम्झौता भए बमोजिमको रकमः-

७. ठेक्का सम्झौता वमोजिमको रकम रु .

८. भेरियसन भए/नभएको, भएको भए

(क) वृद्धि भएको रकम रु ...............

(ख) कम भएको रकम रु ...............

९ . निर्माण कार्यको संक्षिप्त विवरण :

(क)

(ख)

(ग)

(घ)

१०. कार्य समापन प्रमाणपत्र प्राप्त मितिः-

११. ईजाजत पत्र नं :-

छाप

दरखास्तवालाको नामः

दस्तखत :-

## अनुसूची -८
**(दफा ९ को उपदफा १ सँग सम्बन्धित)**

**ईजाजतपत्र अभिलेख**

ईजाजतपत्रको क्रम संख्याः-

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-

(क) नामः-

(ख) ठेगाना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-

(क) नामः-

(ख) ठेगाना :-

३. निर्माण व्यवसायकोः-

(क) दर्ता नंः-

(ख) दर्ता मितिः-

४. ईजाजतपत्रकोः-

(क) वर्ग :-

(ख) समूह :-

५. ईजाजतपत्र जारी गरेको सुरु मिति :-

**हक हस्तान्तरण भएमा**

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :-

(क) नामः-

(ख) ठेगाना :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-

(क) नामः-

(ख) ठेगाना :-

३. निर्माण व्यवसायकोः-

(क) दर्ता नंः-(ख) दर्ता मितिः-

# अनुसूची -९

## कार्यविधिको दफा १३ सँग सम्बन्धित

| क.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०,०००/ | रु. ५,०००/ | रु. २,०००/ | रु. ५००/ |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसाय इजाजतपत्र जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि २०७५ बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र मात्र तिर्नुपर्नेछ ।

मिति :-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
महालक्ष्मी नगरपालिकाको कार्यालय,
ललितपूर ।

**विषय : उपकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र लिने प्रयोजनका लागि ........................................स्थित कार्यालय भएको ............................ ..................... फर्म वा कम्पनीका प्रोपाइटरश्री ........................ सँग भएको तपशिलमा उल्लेखित निर्माण उपकरणका प्राविधिक अवस्था निम्न भएको व्यहोरा प्रमाणित गरिन्छ ।

**तपशिल**

| सि.नं | उपकरणको विवरण | दर्ता नं | क्षमता | संख्या | मूल्य | खरिद मिति | अवस्था | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २ | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |

**प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको**

सही :-

नामः-

ठेगानाः-

NEC NO :

कार्यालय भए कार्यालयको नाम र ठेगानाः-

**प्रमाणित गर्ने मेकानिकल इन्जिनियरको**

सही :-

नामः-

ठेगानाः-

NEC NO :

कार्यालय भए कार्यालयको नाम र ठेगानाः-

मिति :-

**प्राविधिक व्यवस्थाका लागि**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
महालक्ष्मी नगरपालिका, ललितपुर ।

**विषयः- जनशक्ति सम्वन्धमा ।**

श्रीमानमा सविनय निवेदन यो छ कि प्रोपाइटर .................. भएको ...................... फर्ममा मेरो शैक्षिक ..................... भएकाले उक्त फर्मको ..................... .. कार्यमा मैले पुरा समय दिई काम गर्ने छु र मेरो नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रका फोटोकपी यसै साथ संलग्न गरि राखिएको छ ।

निवेदकको
सही :

नामः

ठेगानाः

मितिः

मिति :-

**प्रशासनिक व्यवस्थाका लागि**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
महालक्ष्मी नगरपालिका, ललितपुर ।

**विषयः- जनशक्ति सम्वन्धमा ।**

श्रीमानमा निवेदन यो छ कि प्रोपाइटर .................. भएको ....................... फर्ममा मेरो शैक्षिक ...................... भएकाले उक्त फर्मको ...................... .. कार्यमा मैले पुरा समय दिई काम गर्ने छु र मेरो नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रका फोटोकपी यसै साथ संलग्न गरि राखिएको छ ।

निवेदकको
सही :
नामः
ठेगानाः
मितिः

मिति :-

**लेखा व्यवस्थाका लागि**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
महालक्ष्मी नगरपालिका, ललितपुर ।

**विषयः- जनशक्ति सम्वन्धमा ।**

श्रीमानमा सविनय निवेदन यो छ कि प्रोपाइटर .................. भएको ...................... फर्ममा मेरो शैक्षिक ..................... भएकाले उक्त फर्मको ...................... .. कार्यमा मैले पुरा समय दिई काम गर्ने छु र मेरो नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रका फोटोकपी यसै साथ संलग्न गरि राखिएको छ ।

निवेदकको
सही :
नामः
ठेगानाः
मितिः

**प्रमाणिकरण मिति : २०७५/६/४**

**नगरकार्यपालिकाको तर्फबाट,**
**लक्ष्मी प्रसाद रेग्मी**
**महालक्ष्मी नगरकार्यपालिकाको सचिव**

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. ३०।-